# प्रदेश सरकार, बागमती प्रदेश, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०७७ साल वैशाख ३० गते मंगलवार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णयहरू –**

| सि.नं. | मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | आर्थिक मामिला तथा योजना मन्त्रालय | "प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४" लाई संशोधन गर्न बनेको अध्यादेश प्रदेश प्रमुखबाट जारी गर्न स्वीकृति प्रदान गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०७७ साल वैशाख २२ गते सोमवार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेका निर्णयहरू —**

| सि.नं. | मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | "वातावरण संरक्षण अध्यादेश, २०७७" जारी गर्न प्रदेश प्रमुख समक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने। |

**सम्वत् २०७७ साल वैशाख १२ गते शुक्रवार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णयहरू —**

| **सि.नं.** | **मन्त्रालय** | **निर्णय** |
|---|---|---|
| १. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | "वातावरण संरक्षण अध्यादेश, २०७७" को मस्यौदा तयारीको लागि सिद्धान्त स्वीकृति दिने। |
| २. | सामाजिक विकास मन्त्रालय | कोभिड-१९ को महामारीका कारण बागमती प्रदेशलाई स्वास्थ्य क्षेत्रको विशेष परिस्थिति घोषणा गर्ने। |

**सम्वत् २०७७ साल वैशाख ४ गते बिहीवार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेका निर्णयहरू —**

| सि.नं. | मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | भरतपुर महा नगरपालिका र (गणतन्त्र रसियाको City of Sevastopol, जापानको City of Yokosuka नगरपालिका र बेल्जियमको Grobbendonk City) तथा टोखा नगरपालिका र Nagqu Municipality of Tibet Autonomous Region of People's Republic of China बीच भगिनी सम्बन्ध कायम गर्न परामर्श दिने। |
| २. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | "प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" प्रदेश सभामा पेश गर्ने स्वीकृति दिने। |
| ३. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिमा विचाराधिन "वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६" उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई फिर्ता दिने। |
| ४. | भौतिक पूर्वाधार विकास मन्त्रालय | "एकीकृत बस्ती विकास सम्बन्धी कार्यविधि, २०७६" स्वीकृत गर्ने। |
| ५. | सामाजिक विकास मन्त्रालय | "प्रदेश विश्वविद्यालय स्थापना गर्न बनेको विधेयकको मस्यौदा तर्जुमा सम्बन्धमा सैद्धान्तिक सहमतिको लागि तयार गरिएको अवधारणा पत्र" मा सैद्धान्तिक स्वीकृति दिने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।